# अग्नीसाइर कृष्णासवरन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, सितापुर सप्तरी

२ नं. प्रदेश, नेपाल

## आ.व. २०७४/०७५ को शीपमूलक, क्षमता विकास तथा सचेतनामूलक तालिम तथा कार्यक्रम संचालन गर्न प्रस्तावना पत्र आहवान सम्वन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७५/०२/०८**

यस अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको प्रथम गाउँ सभाबाट पारित चालु आ.व. २०७४/०७५ को लागि स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत देहाय बमोजिमका शीपमूलक क्षमता विकास तथा सचेतनामूलक तालिम तथा कार्यक्रम संचालन गर्न प्रस्तावना पत्र आहवान गरिएको छ । इच्छुक संघ संस्थाले रित पूर्वक प्रचलित ऐन कानूनको अधिनमा रही प्रथम पटक प्रकाशित मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा प्राविधिक तथा आर्थिक प्रस्तावना पत्र पेश गर्नुहुन सम्बन्धित सबैलाई जानकारीका लागि अनुरोध छ । साथै तालिम तथा कार्यक्रममा सहभागी हुन कार्यक्रम संचालन हुने वडाका इच्छुक व्यक्तिले सम्बन्धित वडा कार्यालयमा १५ दिन भित्र निवेदन दिनुहुन समेत जानकारी गराईन्छ । वडा कार्यालयबाट छनौट भएका व्यक्तिलाई तालिम तथा कार्यक्रममा सहभागी गराइनेछ । बालबालिका लक्षित कार्यक्रमका सहभागीको छनौट यस गाउँपालिकाको बाल संजाल मार्फत गरिनेछ ।

| क.स. | तालिम तथा कार्यक्रमको नाम | तालिम संचालन हुने वडा/क्षेत्र | न्युनतम तालिम अवधि (दिन) | रकम रु. |
|---|---|---|---|---|
| १ | लाहा चुराको तालिम | वडा नं. १ | ७ दिन | ३,००,०००। |
| २ | बाल भित्ते पत्रिका तालिम | गाउँपालिका क्षेत्र | ५ दिन | २,५०,०००। |
| ३ | बाल संजालका सदस्यलाई सामाजिक परिचालन तालिम | गाउँपालिका क्षेत्र | ३ दिन | १,५०,०००। |
| ४ | अपाङ्गता एवं तेस्रो लिङ्गी लक्षित विकास कार्यक्रम | वडा नं. ६ | ५ दिन | २,५०,०००। |
| ५ | महिला हिंसा विरुद्ध जनचेतना कार्यक्रम | वडा नं. ३ | ५ दिन | २,५०,०००। |
| ६ | दलित, मुस्लिम, पिछडिएका युवालाई वैदेशिक रोजगार तालिम | वडा नं. ५ | ५ दिन | २,५०,००० |
| ७. | बालविवाह तथा वहुविवाह विरुद्ध सचेतना कार्यक्रम | वडा नं.४ | ५ दिन | २,५०,००० |
| ८. | पापड बनाउने तालिम | वडा नं. २ | ५ दिन | २,५०,००० |
| ९. | सामाजिक मेलमिलाप र न्यायिक अभियान कार्यक्रम | सबै वडाहरु | ६ दिन | ३,००,०००। |
| १०. | विद्यालय स्तरमा किशोरकिशोरी लक्षित शिक्षा कार्यक्रम | गाउँपालिका क्षेत्र | ३ दिन | १,५०,०००। |

**थप प्रावधानहरु :**

१. एक सेवा प्रदायक संस्थाले १ वटा मात्र तालिम/कार्यक्रम संचालन गर्न पाउनेछ ।

२. हरेक कार्यक्रमको लागि न्युनतम सहभागी ३५ जना र प्रति सहभागी प्रतिदिन यातायात खर्च बापत न्युनतम रु ३००। हुनुपर्नेछ ।

३. प्रस्तावित कार्यक्रमको विस्तृत कार्य योजना पेश गर्नुपर्ने छ ।

४. संघ संस्थाले सम्बन्धित कार्य गर्ने प्राविधिक प्रशासनिक जनशक्तिको शैक्षिक योग्यताको प्रमाण पत्र तथा अनुभवको प्रमाण पत्र पेश गर्नुपर्नेछ ।

५. थप जानकारीको लागि यस गाउँपालिकाको कार्यालयमा सम्पर्क राख्न अनुरोध छ ।

प्रमुख प्रशासकीय अधिकृत

अग्नीसाइर कृष्णासवरन गाउँपालिका

प्रमुख प्रशासकीय अधिकृत

Scanned by CamScanner